बैठक संख्या: २-२०८३/८४
**बैठक मितिः** २०८३/५/१७, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/५/१७ गते (ने.सं. ११४६, गुँलाथ्व ५) बुधबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित उपस्थितिः** | | | |
| १ | श्री विपिन भण्डारी | इन्जिनियर | |
| २ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ४ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |
| ५ | श्री दिपक कार्की | नायब सुब्बा | |
| ६ | श्री दिपक कुमार ढुङ्गेल | नायब सुब्बा | |

**बैठक संख्याः** २-२०८३/८४
**बैठक मितिः** २०८३/५/१७, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

**प्रस्तावहरु:**

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. कर प्रशासन सेवा सञ्चालन सम्बन्धमा ।
३. केबलकार सञ्चालनार्थ आवश्यक सहमति सम्बन्धमा ।
४. सरुवा सहमति सम्बन्धमा ।
५. विद्युतीय प्रणाली मार्फत् खरिद प्रक्रिया अगाडी बढाइएको ठेक्का प्रक्रिया रद्द गर्ने सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा गर्दा यसभन्दा अघि भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्दै लैजाने ।

२. प्रस्ताव नं. (२) माथि छलफल गर्दा नेपाल सरकारको कर प्रशासन अन्तर्गत करदाता सेवा विस्तार सम्बन्धी विभिन्न मितिको नीति तथा निर्णयानुसार स्थानीय तहमार्फत् करदाता सेवा विस्तार गर्ने योजनाबमोजिम यस नगरपालिकाबाट उक्त जिम्मेवारी ग्रहण गर्ने । सो प्रयोजनका लागि नगरपालिकाले आवश्यक भौतिक, मानवीय तथा वित्तीय पूर्वाधार यथाशीघ्र निर्माण गर्दै राजस्व प्रशासनसँग सम्बन्धित नेपाल सरकारका निकायहरूसँग समन्वय तथा सहजीकरण गरी आवश्यकतानुसार नगरपालिकाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य तथा सम्पर्क अधिकृतको रूपमा काम गर्न यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने ।

३. प्रस्ताव नं. (३) माथि छलफल गर्दा नगरपालिका कार्यालयबाट पेश भएको धर्मदेवी नगरपालिका वडा नं. ३ स्थित टुटे देउराली देखि धर्मदेवी नगरपालिका वडा नं. १ मा अवस्थित तीनजुरे पाथिभरा मन्दिर परिसरसम्म केबलकार आयोजना निर्माण तथा सञ्चालनार्थ श्री तीनजुरे केबलकार प्रा. लि., लालिगुँरास-१, तेह्रथुमबाट निर्माण तथा सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सहमति माग भएको विषयका सम्बन्धमा प्रस्तावित आयोजनाबाट यस नगरपालिकामा पर्यटन प्रवर्द्धन हुने, स्थानीय रोजगारी सिर्जना हुने, स्थानीय स्रोतसाधनको परिचालन हुने तथा स्थानीय पूर्वाधारको विकास भई आर्थिक समृद्धि समेतमा प्रत्यक्ष योगदान हुनसक्ने देखिएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम श्री तीनजुरे केबलकार प्रा. लि., लालीगुँरास-१, तेह्रथुमलाई उक्त आयोजना सञ्चालनार्थ प्रचलित कानुनबमोजिम आवश्यक प्रक्रिया अगाडी बढाउने गरी सहमति प्रदान गर्ने । साथै सहमति प्रदान गरिएको सम्बन्धी यस विषय श्री लालीगुँरास नगरपालिका, तेह्रथुमलाई समेत जानकारी दिने ।

४. प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस नगरपालिकामा सव–इञ्जिनियर पदमा कार्यरत श्री विष्णु सापकोटाको कार्यसम्पादन हालसम्म सन्तोषजनक नदेखिएको र हालको अवस्थामा निजलाई यस नगरपालिकाको सेवामा यथावत् राख्न उपयुक्त हुने नदेखिएकोले कर्मचारीको पेशागत सुधार र सेवाको प्रभावकारिता सुनिश्चित गर्न, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा (४) बमोजिम कोशी प्रदेशभित्रको अन्यत्र स्थानीय तहमा सोही पदको रिक्त दरबन्दीमा सरुवा गर्न सिफारिस गर्ने।

५. प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहेका आयोजनाहरुको विद्युतीय खरिद प्रणालीमार्फत् देहायका योजनाहरूको बोलपत्र आह्वान गरिएको, नगरपालिकाका निम्न योजनाहरुको ल.ई. स्वीकृत गरी ठेक्का प्रक्रियामा गई विद्युतीय ठेक्का आव्हान गरिएकोमा सोको व्यवस्थापन गर्ने । सार्वजनिक खरिद अनुगमन कार्यालयको प.सं.सू.प्र.०८३/८४, च.नं. MIT/१८२, मिति २०८३/५/११ गतेको परिपत्र वमोजिम मिति २०८३/५/११ गते देखि अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गर्न परिपत्र भए बमोजिम यस कार्यालयवाट देहायका योजनामा अगाडी बढाइएको खरिद प्रक्रिया र ठेक्का सूचनाबमोजिम बोलपत्रदाताले बोलपत्र पेश गर्न सक्ने अवस्था उक्त प्रणालीमा नरहेकोले अर्को सूचना वा जानकारी नभएसम्म देहाय बमोजिमका ठेक्काहरु स्थगन गर्न कार्यालयको निर्णयानुसार खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धी निर्णय तथा सूचना अनुमोदन गर्ने ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्र आह्वान मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|
| १ | DDM/NCB/W/01/2/083-84 | मुढे मदामसिं सडक | २०८३/४/२६ | २०८३/५/१६ |
| २ | DDM/NCB/W/02/2/083-84 | नगर अस्पताल जाने सडक स्तरोन्नति | २०८३/४/२६ | २०८३/५/१६ |
| ३ | DDM/NCB/W/03/2/083-84 | मुढे केवाबेशी सडक कालोपत्रे | २०८३/५/५ | २०८३/५/२६ |

६. प्रस्ताव नं. (६) को विविध शीर्षकमाथि छलफल हुँदा देहायबमोजिम गर्नेः

(क) धर्मदेवी नगरपालिका वडा नं. ९ को कार्यालयको प.सं. २०८३/८४, च.नं. १८, मिति २०८३/४/२७ गतेको पत्रबाट यस कार्यालयमा प्राप्त विवरणअनुसार, नेपाल विद्युत प्राधिकरण, खाँदबारी वितरण केन्द्रको मिति २०८३/४/७ गतेको च.नं. १५ को पत्रबाट उक्त वडा कार्यालयमा

सञ्चालनमा रहेको विद्युत् मिटर, ग्रा.नं. ०१५.२४.२०४, आईडी नं. २३५४९ जाम भएको जनाई सो मिटरसम्बन्धी विद्युत् महसुल बक्यौता कायम भएको व्यहोरा जानकारी प्राप्त भएको,

उक्त वडा कार्यालयबाट विद्युत् महसुल नियमित रूपमा मासिक भुक्तानी हुँदै आएको भए तापनि नेपाल विद्युत् प्राधिकरण, खाँदबारी वितरण केन्द्रको उल्लिखित पत्रअनुसार जम्मा गर्नुपर्ने बक्यौता रकम रु. ५७,३४२.१८ (अक्षरेपीः पचपन्न हजार तीन सय बयालीस रुपैयाँ अठार पैसा) कायम भएको र उक्त रकम वडा कार्यालयको स्वीकृत बजेट तथा उपलब्ध स्रोतबाट भुक्तानी गर्न पर्याप्त रकम उपलब्ध नभएको व्यहोरा उल्लेख गरी वडा समितिको मिति २०८३/४/८ गतेको बैठकबाट आवश्यक समन्वय तथा सहजीकरणका लागि सिफारिस भई आएको,

अतः उक्त विषयमा नेपाल विद्युत् प्राधिकरण, खाँदबारी वितरण केन्द्रलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकम रु. ५७,३४२.१८ (अक्षरेपीः पचपन्न हजार तीन सय बयालीस रुपैयाँ अठार पैसा) यस नगरपालिकाको विविध खर्च वा अन्य उपयुक्त शीर्षकबाट नियमानुसार खर्च लेखी भुक्तानी गर्ने।

(ख) भोटेकोशी क्षेत्रमा घटेको प्राकृतिक विपद्का कारण भएको जनधनको क्षतिप्रति यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको र उक्त विपद्का कारण ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइते, विस्थापित एवं विपद्बाट प्रभावित सम्पूर्ण नागरिकको शीघ्र स्वास्थ्यलाभ, सुरक्षित पुनर्स्थापना र सामान्य जनजीवनको कामना गर्ने गरी शोक प्रस्ताव पारित गर्ने ।

साथै, उक्त प्राकृतिक विपद्बाट प्रभावित तथा पीडित परिवारलाई मानवीय आधारमा तत्काल राहत तथा सहयोग उपलब्ध गराउनु स्थानीय सरकारको दायित्वसमेत भएकाले, विपद्को यस विषम परिस्थितिमा नगरपालिकाको तर्फबाट आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले चालु आर्थिक वर्षमा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विभिन्न प्रयोजनका लागि विनियोजित देहायका शीर्षकमा उपलब्ध बजेटमध्ये हाल तत्काल खर्च गर्न आवश्यक नपर्ने रकमलाई प्रचलित कानूनबमोजिम रकमान्तर/कार्यक्रम संशोधन गरी भोटेकोशी विपद्बाट प्रभावित तथा पीडितहरूका लागि राहत तथा सहयोगमा परिचालन गर्ने ।

तत्काललाई यस नगरपालिकाको "*तीज विशेष कार्यक्रम*" शीर्षकमा वडास्तर तथा नगरस्तरमा विनियोजित रकम प्रधानमन्त्री राहत तथा उद्धार कोषमा जम्मा गर्ने ।